**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०७९ भाद्र २७

श्री संयोजकज्यू,

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध सम्पूर्ण समूह, युथ नेटवर्क र
निर्माणाधीन समूहहरू,

**विषय : आ-आफ्नो साधारण सभा यथा समयमा सम्पन्न गर्ने गराउने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा १३.६ को उपदफा ३ मा *"समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्नेछ।"* भन्ने व्यवस्था रहेको यहाँलाई विदितै छ भन्ने अपेक्षाका साथ सोको स्मरण गराउन चाहन्छु। त्यस्तै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) को नियम नं ६ मा *"एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा दुई महिना अघिसम्म आफ्नो साधारणसभा सम्पन्न नगर्ने समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कबाट साधारणसभामा प्रतिनिधित्व हुने छैन।"* भन्ने व्यवस्था रहेको पनि यसैसाथ स्मरण गराइन्छ।

एम्नेस्टी नेपाल शाखाको ३० औं वार्षिक साधारणसभा मिति २०७८ चैत्र १८ र १९ मा सम्पन्न गर्ने क्रममा समूह, निर्माणाधीन समूह र युथनेटवर्कहरूलाई **मिति २०७८ माघ १८ गते** भित्र विधिवत आ-आफ्नो साधारण सभा सम्पन्न गर्न सूचित गरिएको पनि यहाँहरूलाई विदितै छ। अतः यदि कुनै समूह वा युथ नेटवर्कले आफ्नो अघिल्लो साधारणसभा सम्पन्न गरेको एक वर्ष पूरा भएको वा पूरा हुन लागेको अवस्था हो भने विधानबमोजिम आ-आफ्नो साधारण सभा यथा समयमा विधिसम्मत तरिकाले सम्पन्न गर्नुभई सोको जानकारी सचिवालयमा प्रेशित गर्नुहुन यसैसाथ अनुरोध गरिन्छ।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल